# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) वीरेन्द्रनगर, सुर्खेत, बैशाख ४ गते, २०८३ साल (अतिरिक्ताङ्क २


## भाग-१

**कर्णाली प्रदेश सरकार**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**कर्णाली प्रदेश, सुर्खेत**

कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०८२ सालको ऐन नं. ६**

**<u>कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

<u>प्रस्तावना</u>: कर्णाली प्रदेशभित्रका सभ्यता, भाषा, लिपि, कला, साहित्य, संस्कृति, लोकसाहित्य, लोकगाथा, लोकसंस्कृति, लोकवार्ता र सङ्गीतको अध्ययन, अनुसन्धान, संरक्षण, प्रवर्द्धन तथा विकास गर्ने सम्बन्धमा कर्णाली प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रज्ञा प्रतिष्ठान ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपकुलपति" भन्नाले प्रतिष्ठानको उपकुलपति सम्झनु पर्छ।

(ख) "कुलपति" भन्नाले कर्णाली प्रदेशको मुख्यमन्त्री सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(घ) "पदाधिकारी" भन्नाले कुलपति, सहकुलपति, उपकुलपति र सभाका मनोनित सदस्य सम्झनु पर्छ।

(ङ) "परिषद्" भन्नाले दफा ११ बमोजिमको परिषद् सम्झनुपर्छ।

(च) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको कर्णाली प्रज्ञा प्रतिष्ठान सम्झनुपर्छ।

(छ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको कला तथा संस्कृतिसम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "सचिव" भन्नाले प्रतिष्ठानको सचिव सम्झनु पर्छ।

(झ) "सभा" भन्नाले दफा ७ बमोजिमको सभा सम्झनु पर्छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(ञ) "सहकुलपति" भन्नाले कर्णाली प्रदेश सरकारको कला तथा संस्कृतिसम्बन्धी विषय हेर्ने मन्त्री सम्झनुपर्छ।

## परिच्छेद-२

## <u>प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार</u>

३. **<u>प्रतिष्ठानको स्थापनाः</u>** (१) कर्णाली प्रदेशका सबै भाषा, लिपि, कला, संस्कृति, साहित्य, सङ्गीत, समाजशास्त्र र दर्शनको अध्ययन, अनुसन्धान, संरक्षण, प्रवर्द्धन तथा विकास गर्न कर्णाली प्रज्ञा प्रतिष्ठान नामको एक प्रतिष्ठान स्थापना गरिनेछ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय कर्णाली प्रदेशको राजधानीमा रहनेछ।

तर प्रतिष्ठानलाई आवश्यकता अनुसार प्रदेशको अन्य स्थानमा शाखा वा सम्पर्क कार्यालय खोल्न बाधा पर्ने छैन।

(३) प्रतिष्ठानको आफ्नो भौतिक संरचना निर्माण वा अन्य व्यवस्था नहुन्जेलसम्म मन्त्रालयले व्यवस्था गरेको स्थानमा प्रतिष्ठानको केन्द्रीय कार्यालय रहनेछ।

४. **<u>प्रतिष्ठान स्वशासित संस्था हुनेः</u>** (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ।

(२) प्रतिष्ठानको आफ्नो छुट्टै छाप र प्रतीक चिन्ह (लोगो) हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न र उपयोग गर्न सक्नेछ तर स्वआर्जन गरेको सम्पत्ति बाहेक अन्य सम्पत्ति बिक्रीवितरण गर्न पाउने छैन।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करारबमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कर्णाली प्रदेश

(६) प्रतिष्ठानले अन्तर्राष्ट्रिय सहायता लिँदा प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

५. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकार:** दफा ३ को उपदफा (१) बमोजिमको उद्देश्य पूरा गर्न प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) भाषा, लिपि, कला, संस्कृति, साहित्य, सङ्गीत, समाजशास्त्र र दर्शनको अध्ययन, अनुसन्धान, संरक्षण, संवर्द्धन र विकास गर्ने,

(ग) भाषा, लिपि, कला, संस्कृति, साहित्य, सङ्गीत, समाजशास्त्र र दर्शनसँग सम्बन्धित सामग्रीको सङ्कलन गरी उपयोगी ग्रन्थ एवं कृति तयार गर्ने र प्रकाशन गर्ने गराउने,

(घ) भाषा, लिपि, कला, संस्कृति, साहित्य, सङ्गीत, समाजशास्त्र र दर्शनसम्बन्धी विषयमा प्रादेशिक तथा राष्ट्रिय गोष्ठी, सम्मेलन, साहित्य महोत्सव, मञ्चन, प्रदर्शनी तथा प्रतियोगिताको आयोजना गर्ने गराउने तथा सहभागी हुने,

(ङ) कर्णाली प्रदेशको भाषा र संस्कृतिसँग सम्बन्धित स्वदेशी एवं विदेशी उत्कृष्ट कृतिको अनुवाद तथा प्रकाशन गर्ने गराउने,

(च) विभिन्न जातजातिका मौलिक संस्कृतिको संरक्षण र पहिचान गरी जगेर्ना गर्ने,

(छ) लोक सङ्गीत, लोकनृत्य समेतका विधाका श्रव्यदृश्य सामग्रीको निर्माण, सङ्कलन, अध्ययन, अनुसन्धान गरी अभिलेख राख्ने,

(ज) प्रत्येक वर्ष भाषा, लिपि, कला, संस्कृति, साहित्य, सङ्गीत, समाजशास्त्र र दर्शनसम्बन्धी विषयमा

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

उल्लेखनीय योगदान दिने व्यक्तिलाई कदर, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,

(झ) प्रदेशभित्रका लोपोन्मुख तथा रैथाने भाषा एवं भाषिकालाई समेटी शब्दकोष तयार गरी प्रकाशन गर्ने,

(ञ) लोकसाहित्य, लोकगाथा, लोकसंस्कृति, लोकवार्ताको विषयमा खोज अनुसन्धान गरी प्रकाशन तथा प्रसारण गर्ने,

(ट) कर्णाली प्रदेशको सभ्यता, संस्कृति, इतिहास, भाषा, साहित्यका क्षेत्रमा प्रकाशित प्राचिन ग्रन्थहरूको पुनः प्रकाशन गर्ने,

(ठ) भाषा, लिपि, कला, संस्कृति, साहित्य, सङ्गीत, समाजशास्त्र, दर्शन, लोकसाहित्य, लोकगाथा, लोक संस्कृति र लोकवार्ताको मौलिकता र विशिष्टतालाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जगतमा प्रचारप्रसार गर्ने,

(ड) प्रदेशभित्रका स्रष्टा तथा सर्जकको सूची तयार गर्ने र

(ढ) यो ऐनको उद्देश्य पूरा गर्न अन्य आवश्यक कार्य गर्ने गराउने।

## परिच्छेद-३

## प्रतिष्ठानको सङ्गठन संरचना

६. **प्रतिष्ठानको स्वरुपः** देहायबमोजिमका संगठनहरूको सामूहिक रूप नै प्रतिष्ठानको स्वरुप हुनेछः-

(क) सभा र

(ख) परिषद्।

७. **सभाः** (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक सभा रहनेछ।

(२) सभाको गठन देहायबमोजिम हुनेछः-

(क) कुलपति -अध्यक्ष

(ख) सहकुलपति -सहअध्यक्ष

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(ग) उपकुलपति -उपाध्यक्ष

(घ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(च) सचिव, मन्त्रालय -सदस्य

(छ) भाषा, लिपि, कला, संस्कृति, साहित्य, सङ्गीत, समाजशास्त्र र दर्शन क्षेत्रमा योगदान पुर्‍याएका विशिष्ट व्यक्तिहरूमध्येबाट भौगोलिक र समानुपातिक समावेशीताको आधारमा प्रत्येक विधाबाट प्रतिनिधित्व रहने गरी कम्तीमा छ जना महिला सहित सिफारिस समितिको सिफारिसमा कुलपतिले मनोनित गरेका सोह्र जना -सदस्य

(ज) सचिव -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(४) कुनै कारणले उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनित सदस्यहरूको पद रिक्त हुन गएमा बाँकी अवधिका लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट सदस्यको मनोनयन गरिनेछ।

(५) उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनित सदस्यहरूको योग्यता देहायबमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा पैतीस वर्ष उमेर पूरा भई पैसट्ठी वर्ष उमेर ननाघेको,

(ग) सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(घ) मनोनित हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(च) दामासाहीमा नपरेको,

(छ) उच्च नैतिक चरित्र भएको।

(६) उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनित सदस्यले पारिश्रमिक पाउने छैन। परिषद्को बैठकमा उपस्थित भई भाग लिए वापत परिषद्का सदस्यले प्रचलित कानूनबमोजिम बैठक भत्ता र नियमानुसार प्रदेश सरकारको दशौं तहका कर्मचारी सरहको दैनिक भ्रमण भत्ता एवं यातायात खर्च पाउनेछ।

८. **<u>सिफारिस समितिः</u>** (१) सभामा मनोनित हुने सदस्य र उपकुलपतिको नियुक्तिको लागि कुलपति समक्ष सिफारिस गर्न देहायबमोजिमको एक समिति रहनेछः-

(क) सहकुलपति - संयोजक

(ख) कुलपतिले तोकेको सम्बन्धित विषय विज्ञ दुई जना - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, लिपि, कला, संस्कृति, साहित्य, सङ्गीत, समाजशास्त्र र दर्शनसम्बन्धी विधामा सिर्जना, अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्याती आर्जन गरेका उच्च नैतिक चरित्रवान व्यक्तिहरूमध्येबाट सबै विधाबाट प्रतिनिधित्व हुने र सबै जाति, लिङ्ग तथा भाषाभाषीलाई समेट्ने गरी नाम सिफारिस गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले उपकुलपति नियुक्तिको सिफारिस गर्दा यस ऐनबमोजिमको योग्यता पुगेको व्यक्तिहरुमध्येबाट समितिले निर्धारण गरेको मापदण्डको अधिनमा रही गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले आफ्नो बैठकसम्बन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

९. **<u>सभाको काम, कर्तव्य र अधिकारः</u>** सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

(घ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

(ङ) प्रतिष्ठानको नियम, कार्यविधि र मापदण्ड स्वीकृत गर्ने,

(च) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(छ) परिषद्को कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ज) कर्णाली प्रदेशभित्रका स्थानीय तहस्तरमा गठन भएका प्रतिष्ठानहरूको समन्वय, नीतिगत मार्गदर्शन तथा सहजीकरण गर्ने,

(झ) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालयहरू र अन्य प्रदेशका यस्तै प्रकृतिका प्रतिष्ठानसँग आवश्यक समन्वय कायम गर्ने,

(ञ) तोकिएबमोजिमका अन्य काम गर्ने।

१०. **<u>सभाको बैठकः</u>** (१) सभाको बैठक वर्षको दुई पटक बस्नेछ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(३) सभाको बैठक हुनुभन्दा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाको सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ।

(४) सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) कुलपतिले सभाको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सहकुलपतिले अध्यक्षता गर्नेछ।

(६) सभाको बैठकमा बहुमत सदस्यबाट भएको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) सभाको बैठकको निर्णय सभाको सचिवले प्रमाणित गर्नेछ।

(८) सभाले प्रतिष्ठानका मानार्थ र आजीवन सदस्यलाई सभाको बैठकमा पर्यवेक्षकको रूपमा आमन्त्रण गर्न सक्नेछ।

(९) सभाको बैठकसम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरेबमोजिम हुनेछ।

११. **परिषद्को गठनः** (१) प्रतिष्ठानको कार्यकारी निकायका रूपमा काम गर्न एक परिषद् रहनेछ।

(२) परिषद्को गठन देहायबमोजिम हुनेछः-

(क) उपकुलपति -अध्यक्ष

(ख) सभाका मनोनित सदस्यहरूमध्येबाट विधागत रुपमा नदोहोरिने गरी कम्तीमा तीन जना महिला सहित कुलपतिबाट मनोनित नौ जना-सदस्य

(ग) सचिव -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(४) कुनै कारणले उपदफा (२) को खण्ड (ख) बमोजिम मनोनित सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनित भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(५) परिषद्को बैठकमा उपस्थित भई भाग लिए बापत परिषद्को सदस्यले प्रचलित कानूनबमोजिम बैठक भत्ता र नियमानुसार प्रदेश सरकारको दशौं तहका कर्मचारी सरहको दैनिक भ्रमण भत्ता एवं यातायात खर्च पाउनेछ।

१२. **<u>परिषद्को काम, कर्तव्य र अधिकारः</u>** परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सभाले गरेका निर्णय कार्यान्वयन गर्ने,

(ख) सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखापरीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने,

(घ) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने,

(ङ) प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने गराउने,

(च) प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(छ) प्रतिष्ठानका लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) विद्वत्वृत्ति, सम्मान, कदर तथा पुरस्कार अनुमोदनका लागि सभामा पेश गर्ने,

(झ) परिषद्को कामकारबाहीका सम्बन्धमा आवश्यकताअनुसार समिति, उपसमिति वा कार्य टोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार तोक्ने,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(ञ) तोकिएबमोजिमका अन्य काम गर्ने।

१३. **<u>परिषद्को बैठकः</u>** (१) परिषद्को बैठक आवश्यकताअनुसार दुई महिनामा एक पटक बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठक हुनुभन्दा पाँच दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) परिषद्को बैठकको निर्णय परिषद्को सचिवले प्रमाणित गर्नेछ।

(७) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>पदाधिकारी तथा कर्मचारी</u>

१४. **<u>कुलपतिः</u>** (१) मुख्यमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख संरक्षकको भूमिकामा रहनेछ।

१५. **<u>सहकुलपतिः</u>** (१) मन्त्रालयको मन्त्री प्रतिष्ठानको सहकुलपति रहनेछ।

(२) सहकुलपति प्रतिष्ठानको सहसंरक्षकको भूमिकामा रहनेछ।

१६. **<u>सहकुलपतिको काम, कर्तव्य र अधिकारः</u>** सहकुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(क) कुलपतिको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(ख) कुलपतिको निर्देशनमा अन्य काम गर्ने गराउने,

(ग) तोकिएबमोजिमका काम गर्ने।

१७. **उपकुलपतिः** (१) प्रतिष्ठानमा एक जना उपकुलपति रहनेछ र निजले प्रतिष्ठानको पूर्णकालीन कार्यकारी प्रमुखको रूपमा काम गर्नेछ।

(२) दफा ८बमोजिमको सिफारिस समितिको सिफारिसमा कुलपतिले उपकुलपतिको नियुक्ति गर्नेछ।

(३) देहायको योग्यता भएको नेपाली नागरिक प्रतिष्ठानको उपकुलपतिको पदमा नियुक्तिका लागि योग्य रहेको मानिनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) सम्बन्धित विषयगत क्षेत्रमा कम्तीमा दश वर्षको कार्यानुभव भएको,

(ग) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) दामासाहीमा नपरेको,

(च) उमेरको हकमा चालिस वर्ष पूरा भई पैसट्ठी वर्ष ननाघेको,

(छ) उच्च नैतिक चरित्र भएको।

(४) प्रतिष्ठानको उपकुलपतिको पदावधि नियुक्ति भएको मितिले चार वर्ष हुनेछ।

१८. **उपकुलपतिको काम, कर्तव्य र अधिकारः** उपकुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्ने गराउने,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(ख) प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,

(ग) प्रतिष्ठानको कामकारवाही तथा कर्मचारी प्रशासनसम्बन्धी कार्य गर्ने,

(घ) परिषद्को स्वीकृति लिई प्रतिष्ठानको तर्फबाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी संघसंस्थासँग प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क तथा समन्वय गर्ने,

(च) कुलपति र सहकुलपतिले दिएको निर्देशनबमोजिम अन्य काम गर्ने,

(छ) तोकिएबमोजिमका अन्य काम गर्ने।

१९. **पद रिक्त हुने अवस्थाः** देहायका अवस्थामा उपकुलपति वा सभाका सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) पदावधि समाप्त भएमा,

(ख) लिखित राजीनामा दिएमा,

(ग) मानसिक सन्तुलन ठीक नभएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) दफा २० बमोजिम पदबाट हटाइएमा,

(च) मृत्यु भएमा,

(छ) विदेशको अस्थायी वा स्थायी आवासीय अनुमति प्राप्त गरेमा।

२०. **पदबाट हटाउन सक्नेः** (१) उपकुलपति वा सभाका सदस्यले यस ऐनको उद्देश्यबमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको वा कालोसूचीमा परेको वा नेपाली नागरिक नरहेको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाका सदस्यहरू मध्येबाट तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छानविन समितिले सो सम्बन्धमा छानविन गरी आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नेछ र कुलपतिले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्ष राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन सभामा छलफल हुँदा सभाका बहुमत सदस्यबाट उपकुलपति वा सभाका सदस्यले यस ऐनको उद्देश्यबमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारितापूर्वक काम नगरेको वा निजमा कार्यदक्षताको अभाव भएको वा कालोसूचीमा परेको वा नेपाली नागरिक नरहेको भनी निर्णय गरेमा त्यस्तो उपकुलपति वा सभाको सदस्य पदमुक्त हुनेछ।

(४) उपदफा (३) बमोजिम उपकुलपति वा सभाका सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(५) यस दफाबमोजिमको कारबाही पूरा नभएसम्म उपदफा (१) बमोजिमको आरोप लागेको उपकुलपति वा सभाका सदस्य प्रतिष्ठानको कुनै पनि कामकारबाहीमा भाग लिन पाउने छैन।

२१. **उपकुलपतिको पारिश्रमिक र सुविधासम्बन्धी व्यवस्थाः** (१) उपकुलपतिले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारीको शुरू तलब स्केल बराबरको पारिश्रमिक पाउनेछ।

(२) उपकुलपतिले प्रतिष्ठानको कामको सिलसिलामा भ्रमण गर्नु परेमा सहकुलपतिद्वारा बढीमा सात दिनसम्मको भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ र त्यसरी भ्रमण गर्दा प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारी सरह दैनिक भत्ता र भ्रमण खर्च पाउनेछ।

(३) उपकुलपतिले प्रोत्साहन भत्ता लगायत अन्य थप सुविधा पाउने छैन।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

२२. **<u>सचिवः</u>** (१) मन्त्रालयको सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख परिषद्को सचिव भई काम गर्नेछ।

(२) सचिवको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२३. **<u>कर्मचारीः</u>** (१) प्रतिष्ठानमा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दीबमोजिमका प्रदेश निजामती कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारबाट संगठन संरचना र दरबन्दी स्वीकृत नभएसम्मको लागि मन्त्रालय मातहतका कर्मचारीलाई कामकाजमा खटाइने छ।

## परिच्छेद-५

## <u>कोष तथा लेखा नियन्त्रण</u>

२४. **<u>प्रतिष्ठानको कोषः</u>** (१) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमका रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) प्रतिष्ठानले आफ्नो कार्य सम्पादन गरी आर्जन गरेको रकम र

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग)बमोजिम अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट सहयोग प्राप्त गर्नु अघि प्रतिष्ठानले प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारको पूर्वस्वीकृति लिनु पर्नेछ।

(४) कोषको रकम प्रतिष्ठानले तोकेको "क" वर्गको बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट प्रतिष्ठानको कोष र खाताको सञ्चालन हुनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

(६) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

२५. **<u>लेखा र लेखापरीक्षणः</u>** (१) प्रतिष्ठानको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणालीबमोजिम राखिनेछ।

(२) प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ।

(३) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

परिच्छेद-६

<u>विविध</u>

२६. **<u>मानार्थ प्राज्ञ तथा आजीवन सदस्यताः</u>** (१) भाषा, लिपि, कला, संस्कृति, साहित्य, सङ्गीत, समाजशास्त्र र दर्शन विषयमा विशिष्ट योगदान पुऱ्याएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा कर्णाली प्रदेशको गौरव बढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई सभाले परिषद्को सिफारिसमा प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता प्रदान गर्न सक्नेछ।

(२) भाषा, लिपि, कला, संस्कृति, साहित्य, सङ्गीत, समाजशास्त्र र दर्शनसम्बन्धी विषयमा विशिष्ट योगदान पुर्‍याउने नेपाली नागरिकलाई सभाले प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) र (२)बमोजिम मानार्थ प्राज्ञ सदस्यता तथा आजीवन सदस्यता प्रदान गर्ने आधार तोकिएबमोजिम हुनेछ।

(४) मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यले यस प्रतिष्ठानको हित विपरीत काम गरेमा सभाले परिषद्को सिफारिसमा त्यस्ता सदस्यलाई सदस्यताबाट हटाउन सक्नेछ।

(५) यस दफाबमोजिमका मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यलाई सभामा आमन्त्रण गर्न सकिनेछ।

२७. **<u>कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेः</u>** भाषा, लिपि, कला, संस्कृति, साहित्य, सङ्गीत, समाजशास्त्र, लोकसाहित्य, लोकवार्ता र दर्शन विधामा

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

उल्लेखनीय योगदान पुर्‍याउने व्यक्ति वा संस्थालाई कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ।

२८. **प्रतिवेदन पेश गर्नुपर्ने:** प्रतिष्ठानले प्रत्येक वर्ष सम्पादन गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन मन्त्रालय मार्फत् प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

२९. **शपथ:** आफ्नो कार्यभार सम्हाल्नु अघि उपकुलपति र सभाका सदस्यले कुलपति समक्ष अनुसूचीबमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

३०. **अधिकार प्रत्यायोजन:** (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार सहकुलपति वा उपकुलपति वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

३१. **प्रतीक चिन्ह:** प्रतिष्ठानको प्रतीक चिन्ह तोकिएबमोजिम हुनेछ।

३२. **सम्पर्क मन्त्रालय:** प्रतिष्ठानले नेपाल सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत् राख्नुपर्नेछ।

३३. **नियम, कार्यविधि र मापदण्ड बनाउन सक्ने:** (१) यस ऐन कार्यान्वयन गर्न प्रतिष्ठानले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) यो ऐन र ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रतिष्ठानले आवश्यकता अनुसार कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

तर आर्थिक व्ययभार पर्ने विषयमा नियम, कार्यविधि र मापदण्ड बनाउँदा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

३४. **दण्ड र जरिवाना:** प्रतिष्ठानको सम्पत्ति दुरुपयोग गर्ने वा ऐनको उल्लङ्घन गर्ने विरुद्ध प्रचलित कानूनबमोजिम कारबाही हुनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

## अनुसूची

**(दफा २९ सँग सम्बन्धित)**

**पद तथा गोपनीयताको शपथको ढाँचा**

म ..............................................नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दै ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि कर्णाली प्रज्ञा प्रतिष्ठानको.................पदको जिम्मेवारी प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई, इमानदारीसाथ बहन गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

मितिः

दस्तखतः
नामथरः
पदः

मितिः २०८३/०१/०४

आज्ञाले,
निधिराज न्यौपाने
प्रदेश सचिव (कानून)

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित